हेलम्बु गाउँपालिका
स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ४ मिति :२०८१/०६/१५

भाग : २

हेलम्बु गाउँपालिका
हेलम्बु, सिन्धुपाल्चोक

# "गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि" २०८१

गाउँ कार्यपालिकाबाट जारी मिति : २०८१/०६/१५

**प्रस्तावना :**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सु-संस्कृत समाजको निर्माण गर्न, स्वास्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत रहि स्वस्थ एवम् अनुशासित नागरिकको पहिचान बनाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा खेलाडीहरु उत्पादन गर्ने खेलकुदको क्षेत्रलाई विकास गर्ने वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी हेलम्बु "गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि" २०८१ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

## परिच्छेद - एक

**नाम र परिभाषा :**

**१. सक्षिप्त नाम र प्रारम्भ-** यो कार्यविधिको नाम "हेलम्बु गाउँपालिका खेलकुद विकास समिति गठन एवं क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहने छ। यो कार्यविधि कार्यपालिकावाट निर्णय भएको मितिदेखि लागि हुनेछ।

**२. परिभाषा-** विषय वा प्रसङ्गले अर्को अन्य नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले "हेलम्बु गाउँपालिका, पालिका खेलकुद विकास समिति गठन एवम् क्रियाकलाप सञ्चालन सम्बन्धि कार्यविधि २०८१" भन्ने सम्झनुपर्छ।

ख) "पालिका खेलकुद विकास समिति" भन्नाले दफा ४ वमोजिमको गठिन पालिका खेलकुद समिति भन्ने सम्झनु पर्छ।

ग) "टिम, क्लब, संघ, सस्था" भन्नाले हेलम्बु गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएको हेलम्बु गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघ-संस्थाहरु भन्ने सम्झनु पर्छ।

घ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ-सस्थासँग सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

ङ) "प्रशिक्षार्थी" भन्नाले पालिका खेलकुद विकास समितिद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ-संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ।

च) "प्रशिक्षक" भन्नाले हेलम्बु गाउँपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ-संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद शिक्षक भन्ने सम्झने पर्छ।

छ) "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनु पर्छ।

ज) "कार्यपालिका" भन्नाले हेलम्बु गाउँपालिका र कार्यपालिकालाई सम्झनु पर्छ।

झ) "प्रमुख" भन्नाले हेलम्बु गाउँपालिकको पालिका अध्यक्ष सम्झनु पर्छ ।
ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेलम्बु गाउँपालिकाको अधिकृतलाई सम्झनु पर्दछ ।
ट) "पदाधिकारी सदस्य" भन्नाले समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ ।

## परिच्छेद - दुई
## उद्देश्य

**३. पालिका खेलकुद विकास समितिका उद्देश्यहरुः**

क) पालिकाको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने ।
ख) गाउँपालिका खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्ने सहयोग गर्ने ।
ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।
घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्य खेलकुद संघ-संस्थालाई परिचालन गर्ने ।
ङ) खेलकुदको माध्यमबाट पालिकावासीहरु नागरिक भावना प्रति सचेत गराउने ।
च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्ने प्रोत्साहन गर्ने ।
छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।
ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।
झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र वुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम गर्न सहयोग पुऱ्याउने ।
ञ) हेलम्बु गाउँपालिकाबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडिहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।
ट) टिम, क्लब, संघ-संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने ।
ठ) गाउँपालिका अन्तर्गत शैक्षिक संस्थाहरुका खेलकुद प्रतिशक्षकहरुको व्यवस्था गर्न प्रोत्साहान गर्ने ।
ड) पालिका खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।
ढ)विविध खेलकुद कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्ने ।

## परिच्छद - तीन
## पालिका खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रम

४. (१) खेलुकद को क्षेत्रमा क्रियाशिल र ख्याति प्राप्त व्यक्ति मध्येबाट गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा एक पालिका खेलकुद समिति गठन गर्नेछ।

क) खेलकुद विकास समितिको अध्यक्ष गाउँ कार्यपालिकाले मनोनित गरेको - १ जना (अध्यक्ष)

ख) खेलकुद क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट पालिका अध्यक्षले मनोनित गरेको कम्तीमा एक जना महिला र एकजना दलित सहित - सदस्य ३ जना

ग) विद्यालयका शिक्षकहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको एक जना महिलासहित - सदस्य २ जना

घ) विविध खेल संघ, संस्थाहरुको प्रतिनिधिहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको - सदस्य ४ जना

ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) गाउँपालिका खेलकुद विकास समितिको अध्यक्ष हुन चाहने व्यक्तिले गाउँपालिका समक्ष पञ्चवर्षिय खेलकुद विकास प्रस्ताव पेश गर्नुपर्नेछ । प्राप्त प्रस्तावका आधारमा विश्लेषण र मूल्याङ्कन गरी गाउँ कार्यपालिकाले खेलकुद विकास समितिको अध्यक्ष मनोनित गरिनेछ।

५. पालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ।

६. अध्यक्षले कुनै कारणले पदबाट राजिनाम दिन चाहेमा पालिका अध्यक्ष समक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनु पर्ने छ।

७. पदावधि बाँकी हुँदै कुनै कारणबाट पद रिक्त भएमा निज जुन प्रकारले नियुति भएको हो सो पदमा बाँकी अवधिका लागि सोहि प्रकारले अर्को सदस्य मनोनयन हुनेछ।

८. समितिका कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँ कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन वा फिर्ता बोलाउन सक्नेछ। साथै रिक्त भएको पदमा बाँकी अवधिका जुन प्रकारले नियुक्ति भएको छ सोही प्रकारले नयाँ नियुक्ति गर्न सक्ने छ।

९. समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहायबमोजिम योग्यता पुगेको हुनुपर्ने छ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

ख) गाउँपालिका क्षेत्रभित्रको स्थायी बासिन्दा भएको

ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको

घ) प्रचलित कानुनले अयोग्य नभएको

ङ) अध्यक्ष हनु चाहनेले खेलकुद विकास प्रस्ताव पेश गरेको

**१०. अध्यक्षयको काम, कर्तव्य र अधिकार**

क) पालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

ग) जिल्ला स्थानिय/प्रदेश राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

ङ) गाउँपालिका तथा समितिले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

**११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

ख) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

ग) समितिको निर्णय कार्यान्वयन गर्ने ।

घ) निर्णयानुसार कोषको खर्च खाता सञ्चालन गर्ने ।

ङ) बैठक पत्राचार गर्ने अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने।

च) बैठक माइन्यूटिङ्ग उठाउने बैठक सञ्चालन सम्बन्धि आवश्यक काम गर्ने।

छ) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण कायम गर्ने ।

**१२. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने ।

ख) गाउँपालिका नेपाल सरकार तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।
ग) सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी गाउँ सभाको बैठक अगाडि अध्यक्ष समक्ष पेश गर्ने ।
घ) गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेका कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

## परिच्छेद -चार
## खेलकुद प्रतियोगिता व्यवस्थापन

१३. पालिका खेलकुद विकास समिति आफैले वा. गाउँपालिकाले दर्ता भएका टिम, क्लवहरुमार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ।

१४. पालिका खेलकुद विकास समिति आफैले वा पालिकाभित्रका टिम, क्लबहरुमार्फत स्थानीय, प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टिमसँग मैत्रिपूर्ण खेलकुद प्रतियोताको आयोजना गर्ने वा गराउने सक्नेछ।

१५. सल्लाहकार समितिको गठन : पालिका खेलकुद विकास समितिले गाउँपालिका अध्यक्षसँगको परामर्शमा आवश्यकता अनुसार सल्लाहाकार समितिको गठन गर्न सक्नेछ।

१६. अन्य उपसमितिहरुको गठन : पालिकाखेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम सञ्चालन गर्न वा कुनै खेल विशेषलाई प्राथामिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।

१७. वडा स्तरीय खेलकुद समिति गठन गर्ने : पालिका खेलकुद समितिले गाउँपालिका भित्रका सबै वडाहरुमा खेलकुद विकास गर्नका लागि ५ सदस्यीय वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद -पाँच
## पालिका क्षेत्रभित्रका टिम, क्लव र संघ-संस्थाहरुको दर्ता र व्यवस्थापन

१८. हेलम्बु गाउँपालिका भित्रको टिम, क्लव, समिति र संस्था आदिले पालिका खेलकुद विकास समितिको उदेश्य नीति नियमलाई पालना गरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेको दस्तुर तिरी दर्ता पनि गर्नु पर्नेछ।

१९. दर्ता भएका टिम, क्लबले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि पालिका खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ। स्वीकृतिको प्रक्रिया पालिका खेलकुद विकास समितिले तोके बमोजिम हुनेछ।

२०. दर्ता र नविकरण गर्नु पहिले पालिका खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ।

२१. गाउँपालिकामा दर्ता भई गाउँपालिका खेलकुद समितिबाट स्वीकृत लिएका टिम, क्लव, संघ-संस्थाहरुले पालिका खेलकुद समितिको उदेश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको समिति आयोजक समितिलाई पालिका खेलकुद विकास समितिले उपलब्ध बजेट विनियोजन रहि देहाय अनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।
क) वडा स्तरीय प्रतियोगिताको लागि वर्षमा १ पटक बढिमा रु. ५०००|- देखि रु. १०००० |- सम्म
ख) पालिका स्तरीय प्रतियोगिताको लागि वर्षमा १ पटक बढिमा रु. १००००|- देखि रु. २००००|- सम्म
ग) जिल्ला स्तरीय प्रतियोगिताको लागि वर्षमा १ पटक बढिमा रु. १५०००|- देखि रु. ३००००|- सम्म

घ) प्रदेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि वर्षमा १ पटक बढिमा रु. २००००।- देखि रु. ५००००।- सम्म

ङ) पालिकाको परिचय तथा कला संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढङ्गबाट सहयोग पुऱ्याउन गाउँपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईनेछ।

च) गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यकता अनुसार थप रकम उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद - छ
## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

२२. पालिका खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

क) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडि, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

ख) खेलकुद विकासको लागि सम्मेलन गोष्ठी गर्ने वा गराउन सक्नेछ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवम् अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडि वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम अयोजना गर्न सक्नेछ।

घ) पालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम क्लव संघ-संस्थाका प्रतिनिधिहरुको ऱ्याली वा बैठक बोलाउन सक्नेछ।

ङ) पालिका क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु सञ्चालन गर्नेछ।

## परिच्छेद -७
## खेलकुद प्रतियोगिता व्यवस्थापन

२३. अन्तर गाउँपालिका लगायत विभिन्न प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगताहरुमा समितिमा आबद्ध टिम, क्लब, संघ-संस्था वा विद्यालय, कलेजलाई सहभागी गराईनेछ।

२४. खेलकुद समितिले निर्णय गरे बमोजिम गाउँपालिका, क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टिमका खेलाडि, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ।

क) प्रतियोगितामा भाग लिन जादाँ खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराईनेछ। खानु बस्नको लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्छ। गाउँपालिका भन्दा बाहिर खान बस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु. १,०००।- (एक हजार) भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ।

ख) खेलकुद पोशाकको हकमा प्रति खेलाडि र प्रशिक्षकलाई बढिमा वार्षिक रु २०००।- सम्मको सुविधा दिन सक्नेछ। तर खेलाडिले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनु पर्नेछ।

२५. पालिका क्षेत्र भित्र सञ्चालन हुने खेलकुद कार्यक्रमममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु ५००।- मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ।

२६. पालिका खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतिले पालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडिको लागि पोशाकहरुको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद - ८
## तालिम तथा प्रशिक्षक व्यवस्थापन

२७. पालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडिको स्तरवृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ।

२८. प्रशिक्षार्थीहरुको प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धित वडाको सिफारिससहित पालिका खेलकुद विकास समितिमा निर्णय फाराम बुझाई आवेदन दिनु पर्नेछ।
२९. प्रशिक्षार्थीको फाराम तथा अन्य समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

३०. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढिमा एक जना प्रशिक्षण एक जना सहायक प्रशिक्षण सेवा करारमा नियुक्ति गर्न सकिनेछ। यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई पालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गरिनेछ।

३१. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढिमा १ वर्षको लागि हुनेछ आवश्यकतानुसार म्याद थपघट हुनेछ।

३२. प्रशिक्षार्थी खेलाडिको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान सम्बन्धित व्यक्ति आफैले जुटाउनु पर्नेछ।

३३. प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा पालिका खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ।

३४. प्रशिक्षकले आवश्यक समानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिन पर्नेछ)

३५. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडिहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ।

३६. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा पालिका खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ।

३७. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ।

## परिच्छेद -९
## पालिका खेलकुद विकास कोषको व्यवस्था

३८. खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा पालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

३९. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ।
क) नेपाल सरका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरका, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ, संस्था वा कुनै व्यतिक्तबाट प्राप्त रकम
ख) गाउँपालिकाबाट प्राप्त रकम
ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम
घ) खेल प्रशिक्षण आधिभर उठेको आवेदन शुल्क मासिक प्रशिक्षण शुल्क र भर्ना रकम

ङ) पालिकाभित्रका टिम, क्लबहरुको अवेदन शुल्क, फाराम शुल्क र प्रशिक्षकबाट प्राप्त शुल्क प्रशिक्षणबाट प्राप्त शुल्क
च) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम यस कोषको सञ्चालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ। कोषको लेखा पद्धति गाउँपालिकाको लेखा पद्धति सरह नै हुनेछ।

४१. पालिका खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ। समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ। यस्तो खर्च एक पटकमा रु २५०००।- भन्दा बढि हुने छैन।

४२. कोषको रकम खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ।

४३. कोषको कुल आम्दानीको १० प्रतिशत भन्दा बढि कार्यालय प्रयोजनको लागि तलब भत्ता वा प्रशासनिक खर्च गर्न पाईने छैन सो भन्दा बढि खर्च हुने अवस्था आएमा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद - १०
## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४४. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने समानहरुको सामान्य जडान तथा मर्मम गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

४५. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिका लेखकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ। तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ।

४६. खेलकुद पुर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न पालिका खेलकुद समितिको निर्णयअनुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्णय अधिकतम सहभागिताको अधारमा गर्नेछ।

## परिच्छेद - ११
## अनुशासनको कारवाही दण्ड सजाय र पुरस्कार

४७. **अनुशासनको कारवाही** : खेलाडि प्रशिक्षक, प्रशिक्षर्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसहित लगायत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ। तर एक वर्षमा तीन पटक भन्दा बढि चेतावनी पाई सकेका खेलाडि, प्रशिक्षक व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा पालिका खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ।

४८. वर्ष भरिका उत्कृष्ट खेलाडि, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई पालिका खेलकुद समितिको सिफारिसमा पालिका कार्यालयबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ।

## परिच्छेद -१२
## विविध

१. गाउँपालिकाले तोके बमोजिमको समितिको छुटै छाप, लेटर प्याड र साईनबोर्ड हुनेछ।
२. कर्मचारी तथा अन्य आवश्यकताका बारेमा गाउँपालिकासँग समन्वय गरी गर्नुपर्नेछ।
३. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ।
४. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ। साथै यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सकिनेछ।

५. स्वीकृत बजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा निम्न अनुसार हुनेछ।
क) पालिका खेलकुद विकास समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ।
ख) समितिका सदस्यहरुलाई बैठक बस्दा बैठक भत्ता वापत प्रति व्यक्ति रु. १,०००।- का दरले नियमानुसार कर कट्टी गरी उपलब्ध गराईने।
ग) पालिका खेलकुद विकास समिति संयोजकलाई गाउँपालिकाको योजना तथा वडा स्तरीय खेलकुद विकास समिति अनुगमन गर्न वा खेलकुद सम्बन्धि अन्य कार्यको लागि पालिका अध्यक्षको स्वीकृतमा अधिकृतस्तरको कर्मचारीले पाए सो सरह दैनिक भत्ता पाउने गरी अनुगमनमा खटाउन सकिने छ।
घ) खेलकुद विकास समितिको अफिस व्यवस्थापन गाउँलिकाले गराउनेछ।